# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ६ | संख्याः ९ | मितिः२०७९/०९/२४ |

## भाग – २

शिवपुरी गाउँपालिकाको अर्थतन्त्र तथा पोषण क्षेत्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित तथा विकसित तुल्याउनका लागि शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शिवपुरी गाउँपालिकाको पशु सेवा सञ्चालन कार्यविधि, २०७९

**प्रमाणिकरण मितीः २०७९/०९/२४**

**प्रस्तावनाः**

शिवपुरी गाउँपालिकाको अर्थतन्त्र तथा पोषण क्षेत्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थीत तथा विकसित तुल्याउन गाउँपालिकावाट प्रदान गरिने पशु सेवा प्रवाहलाई व्वस्थीत र जनमुखी बनाउनु वाञ्छनीय भएकोले यो कार्यविधि निर्माण गरिएको छ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**शिवपुरी गाउँपालिकाको पशु सेवा सञ्चालन कार्यविधि, २०७९**" रहेको छ ।

ख) यो कार्यविधि शिवपुरी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा.**

क) **"गाउँपालिका"** भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्छ।

ख) **"शाखा"** भन्नाले शिवपुरी गाउँपालिका पशु सेवा शाखालाई सम्झनु पर्छ।

ग) **"सेवा केन्द्र"** भन्नाले शिवपुरी गाउँपालिकाको सबै वडामा रहेका वडा पशु सेवा केन्द्रलाई सम्झनु पर्छ।

घ) **"विज्ञ केन्द्र"** भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ढुङ्गे नुवाकोट लाई सम्झनुपर्छ।

ङ) **"विभाग"** भन्नाले संघीय संरचना अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको पशु सेवा विभाग लाई सम्झनु पर्छ।

च) **"कृषि विकास समिती"** भन्नाले शिवपुरी गाउँपालिकामा गठित कृषि विकास समितीलाई सम्झनु पर्छ।

च) **"कार्यक्रम"** भन्नाले शिवपुरी गाउँपालिकाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित पशु सेवा तर्फका कार्यक्रमलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

**पशु सेवा प्रवाह सम्बन्धी व्यबस्थाः**

मुख्यतः २ तहबाट सेवा प्रदान गरिनेछ।

१. पशु सेवा शाखा (शिवपुरी गाउँपालिका)

२. वडा पशु सेवा केन्द्र (शिवपुरी गाउँपालिकाको प्रत्येक वडामा)

**३, शाखाको काम, कर्तब्य र अधिकारः**

- पशुपन्छी विकास संग सम्बन्धीत स्थानीय ऐन, कानुन, निर्देशिका,कार्यविधी आदिको निर्माण गरि स्वीकृतीका लागि पेश गर्ने।
- गाउँ कार्यपालिकाबाट स्वीकृत निती अनुरूप तोकिएका कार्यक्रमहरु कार्यतालिका बमोजिम सञ्चालन एवं कार्यन्वयन गर्ने।
- गाउँपालिकाको पशुपन्छी विकास संग सम्बन्धीत विषयमा जनप्रतिनिधि, अन्य शाखा, एवं सरोकारवाला निकाय संग समन्वय गर्ने।
- गाउँपालिका भित्र देखिएका पशुपन्छीका विभिन्न संक्रामक रोग,महामारी एवं जनस्वास्थ्य संग सम्बन्धीत रोगहरुको नियन्त्रणका लागी पहल गर्ने एवं बिज्ञ केन्द्र तथा विभागमा सूचना दिने र समन्वय गर्ने।
- रिपोर्टिङ एवं शाखाको प्रतिवेदन तयार गर्ने।
- पशुपन्छी विकास अन्तर्गतका कार्यक्रमहरुको अनुगमन गर्ने।
- मातहतका सेवा केन्द्रहरुमा सहजिकरण, समन्वय तथा परिचालन।

**४.पशु सेवा केन्द्रले पुरयाउनुपर्ने सेवा :**

- सम्बन्धि वडाका पशु स्वास्थ्य उपचार
- औषधि वितरण
- सुचना प्रवाह
- प्रसार सम्बन्धि कार्य
- मासिक इपिडीमियोकल रिपोर्टिंग

- चौमासिक प्रगति वितरण
- आवेदन संकलन (सूचनाको म्याद सकिएको ३ दिन सम्ममा गाउँपालिकामा पेश गरिसक्नुपर्ने)
- नियमित राजस्व दाखिला
- आफ्नो वडामा छनोट भएका कार्यक्रमहरुको अनुगमनमा सहजिकरण।

## परिच्छेद-३

**५. पशु स्वास्थ्य तर्फः** पशु स्वास्थ्य उपचारका लागी शिवपुरी गाउँपालिकाबाट तोकिएको दस्तुरमा तपशिल वमोजिमका औषधिहरु प्रत्येक वडामा उपलब्ध हुने छनः

१. Antihelminthics (नाम्ले तथा जुकाको औषधी)
२. Antibiotic ( Oxytetracyline, cotrimazole)
३. Mineral mixture
४. Meloxicam and paracetamol
५. Zeet (Chlorphenamine inj.)
६. Tick out/ clear kill A
७. Antiseptic

**६.सेवा शुल्क दस्तुरः**

| क.सं | क्रियाकलाप्/ सेवा | पशु तथा संख्या | सेवा शुल्क |
|---|---|---|---|
| १. | औषधी वितरण | १-१० बाख्रा<br>१० भन्दा माथि<br>१-५ गाई/भैसी<br>६- माथि | रु. २०<br>रु. ४०<br>रु.२०<br>रु.४० |
| २. | Castration (खसि पारेको) | राँगो/गोरु<br>बोका लगायत अन्य | रु.२००/पशु<br>रु.२५ |
| ३. | गोबर परिक्षण | | रु. १० |

## परिच्छेद ४

**७. स्विकृत कार्यक्रम संचालन प्रक्रिया :**

१. छलफल कार्यविधि निर्देशिका निर्माण,

२. सुचना प्रकासन (कम्तिमा १५ दिनको),

३. आवेदन संकलन,

४. सुचाना अवधि सकिएको ३ दिन भित्र शाखामा पेश गर्नु पर्ने,

५. प्राप्त आवेदन उपर कारबाही,स्थलगत अनुगमन,

६. छनोट (कृषि बिकाश समिति) मार्फत

७. सम्झौता

८. अन्तिम अनुगम

९. मूल्यांकन

१०. भुक्तानीका लागी पेश ।

**८. बाधा अड्काउ फुकाउने**ः यस कार्यविधि कार्यन्वयनमा अस्पष्ठ एवं द्विविधा उत्पन्ना भएमा सो को समाधान शिवपुरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ।

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**